# आकाशवाणी

## प्रमुख समाचार

- एलपीजी बोकेको भारतीय जहाज शिवालिक आज साँझ गुजरातको मुन्द्रा बन्दरगाह आइपुगेको
- इरानस्थित भारतीय दूतावासद्वारा भारतीय नागरिकहरूलाई स्पष्ट समन्वय बिना इरानको कुनै पनि भूमि सीमामा नजान वा पार गर्ने प्रयास नगर्न कडा सल्लाह
- भाजपा द्वारा आज पश्चिम बंगाल विधानसभा चुनावको लागि एक सय चवालिस उम्मेदवारहरूको पहिलो सूची जारी

### LPG-Shivalik

एलपीजी बोकेको भारतीय जहाज शिवालिक आज साँझ गुजरातको मुन्द्रा बन्दरगाह आइपुगेको छ। बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले, नयाँ दिल्लीमा आयोजित पश्चिम एसियामा हालैका विकासक्रमहरूमा अन्तरमन्त्री स्तरीय ब्रीफिंगको सम्बोधनमा, एलपीजी बोक्ने शिवालिकबाट कार्गोको डिस्चार्जमा ढिलाइ नहुने कुरा सुनिश्चित गर्न बन्दरगाहमा कागजात र प्राथमिकता बर्थिङको व्यवस्था गरिएको बताउनुभएको छ। उहाँले एलपीजी बोकेको अर्को भारतीय जहाज नन्दा देवी भोलि आइपुग्ने जानकारी पनि दिनुभयो। श्री सिन्हाले युएईबाट यात्रा गरेको भारतीय झण्डा भएको जहाज जग लाडकी सुरक्षित रूपमा भारतको बाटोमा रहेको र जहाजले लगभग एकासि हजार टन मुर्बन कच्चा तेल बोकेको बताउनुभएको छ। उहाँले फारसी खाडी क्षेत्रमा रहेका सबै भारतीय नाविकहरू सुरक्षित रहेको र पछिल्लो चौबिस घण्टामा कुनै पनि घटना रिपोर्ट नभएको पनि जानकारी दिनुभयो।

Byte…

### BJP WEST BENGAL LIST

भाजपाले आज पश्चिम बंगालको विधानसभा चुनावको लागि एक सय चवालिस उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। पार्टीले नन्दीग्राम र भवानीपुरबाट विधानसभामा विपक्षी नेता शुभेन्दु अधिकारीलाई मैदानमा उतारेको छ। वर्तमान विधायक अग्निमित्र पलले आसनसोल दक्षिणबाट फेरि चुनाव लड्नुहुनेछ। पूर्व लोकसभा सांसद दिलीप घोष खड़गपुर सदरबाट र पूर्व राज्यसभा सांसद स्वपन दास गुप्ता रासबिहारीबाट चुनाव लड्नुहुनेछ। पूर्व क्रिकेटर तथा वर्तमान विधायक अशोक डिन्डालाई फेरि मोयना सिटबाट चुनाव लडाइएको छ। दुई सय चौरानब्बे सदस्यीय पश्चिम बंगाल विधानसभामा अर्को महिनाको तेइस र उन्तीस तारिखमा दुई चरणमा मतदान हुनेछ। मतगणना चार May-मा हुनेछ।

### EC-SPL OBSERVER ASSAM

निर्वाचन आयोगले आज उन्नाइस सय अठासी ब्याचका सेवानिवृत्त आई.ए.एस अधिकारी मनजीत सिंहलाई आसामको विधान सभाको आम चुनावको लागि विशेष पर्यवेक्षक नियुक्त गरेको छ। निर्वाचन आयोग अनुसार, श्री सिंहले आसामको विधान सभाको आम चुनावको तयारी र सञ्चालनको अवलोकन गर्न र आवश्यक कारबाहीको लागि आफ्नो सुझाव दिन समय-समयमा आसामका सी.ई.ओ-सँग समन्वय गरेर आसामको भ्रमण गर्नुहुनेछ।

### Lok sabha-railway discussion

लोकसभाले २०२६-२७ को लागि रेल मन्त्रालयको नियन्त्रणमा रहेको अनुदानको मागमाथि छलफल सुरु गरेको छ। कांग्रेसका तारिक अनवरले, छलफल सुरु गर्दै, सरकार आफ्नै लक्ष्य पूरा गर्न असफल भएको आरोप लगाउनुभयो। उहाँले, अमृत भारत स्टेशन योजना अन्तर्गत एक हजार तीन सय सैंतिस स्टेशनहरू मध्ये एक सय साठी स्टेशनहरूमा मात्र पुनर्विकासको काम पूरा भएको र सरकारले यात्रु सुरक्षाको नाममा घोषणा मात्र गरिरहेको आरोप लगाउनुभयो। उहाँले भारतीय रेलवेमा रोजगारीको कमी भएकोमा पनि चिन्ता व्यक्त गर्नुभयो। भाजपाका गणेश सिंहले विगत दश वर्षमा रेलवेमा उल्लेखनीय परिवर्तन भएको र पहिले रेलवे बजेट २०१३-१४ मा केवल तिरसाठी हजार करोड रुपैयाँ भएको, जुन अहिले बढेर दुई लाख अठत्तर हजार करोड रुपैयाँ पुगेको बताउनुभयो।

### Stand-up India

सरकारले देशभरका अनुसूचित जाति, जनजाति र महिला उद्यमीहरूलाई थप लाभ प्रदान गर्न स्ट्यान्ड-अप इन्डिया योजनाको परिमार्जित संस्करण सुरु गर्नेछ। आज लोकसभामा प्रश्नोत्तरको समयमा पूरक प्रश्नहरूको जवाफ दिँदै, केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले अप्रिल दुई हजार सोह्र मा सुरु गरिएको स्ट्यान्ड-अप इन्डिया योजना गत वर्ष मार्चमा समाप्त भएको बताउनुभयो। उहाँले यो योजना नीति आयोग र अन्य विभागहरूले

अध्ययन गरेको र लाभार्थीहरूलाई थप लाभ प्रदान गर्न यसलाई पुन: मस्यौदा गरिएको बताउनुभयो।

Odisha- hospital fire

ओडिशामा, आज बिहान कटकस्थित एससीबी मेडिकल कलेज र अस्पतालको ट्रमा केयर ICU-मा आगलागी हुँदा कम्तीमा दश जना बिरामीको मृत्यु भएको छ। सर्ट सर्किटका कारण आगलागी भएको र अस्पताल भित्र त्रास फैलिएको शंका गरिएको छ। मुख्यमन्त्री मोहन चरण माझीले उद्धार कार्यको क्रममा सात जना बिरामीको आईसीयू भित्र मृत्यु भएको र अन्य तीन जनाको अन्य वार्डमा सार्ने क्रममा मृत्यु भएको बताउनुभयो। मुख्यमन्त्रीले अवस्थाको समीक्षा गर्न अस्पतालको भ्रमण गर्नुका साथै, प्रत्येक मृतकका आफन्तलाई पच्चीस लाख रुपैयाँको अनुग्रहको घोषणा गर्नुभयो। उहाँले आगलागीको घटनाको न्यायिक अनुसन्धानको पनि आदेश दिनुभयो। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले आगलागी घटनामा ज्यान गुमाउनेप्रति दुःख व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले प्रत्येक मृतकका आफन्तलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई लाख रुपैयाँ र घाइतेहरूलाई पचास हजार रुपैयाँको अनुग्रहको घोषणा गर्नुभएको छ।

Dubai Attack

आज बिहान दुबई अन्तर्राष्ट्रिय विमानस्थल नजिकै ड्रोन आक्रमण हुँदा इन्धन भण्डारण सुविधा नजिकै ठूलो आगलागी भएको र उडान सञ्चालन अस्थायी रूपमा स्थगित गरिएको छ। अधिकारीहरू अनुसार, आगो केही घण्टा भित्र नियन्त्रणमा ल्याइएको र अन्य महत्वपूर्ण पूर्वाधारमा फैलिन नदिई नियन्त्रणमा आएको बताएका छन्। दुबई जाने र आउने एयर इन्डिया र एयर इन्डिया एक्सप्रेस उडानहरू आजको लागि रद्द गरिएको छ। एयरलाइनले आफ्ना टोलीहरू पाहुनाहरूलाई सहयोग गर्न र फसेका यात्रुहरूलाई सकेसम्म चाँडो सुरक्षित रूपमा घर पुऱ्याउन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएको छ।

IRAN-EMBASSY ADVISORY

इरानस्थित भारतीय दूतावासले हाल इरानमा रहेका भारतीय नागरिकहरूलाई पूर्व र स्पष्ट समन्वय बिना यात्राको लागि इरानको कुनै पनि भूमि सीमामा नजान वा पार गर्ने प्रयास नगर्न कडा सल्लाह दिएको छ। दूतावासको जानकारी र मार्गदर्शन बिना भूमि सीमाबाट इरान छोड्न खोज्ने भारतीय नागरिकहरूले गम्भीर रसद र आप्रवासन कठिनाइहरूको सामना गर्ने सम्भावना धेरै हुन्छ। दूतावासले इरानमा रहेका सबै भारतीय नागरिकहरूलाई दूतावासको सल्लाह कडाईका साथ पालना गर्न र कुनै पनि यात्रा गर्न अगाडि आधिकारिक च्यानलहरूसँग सम्पर्कमा रहन पनि आग्रह गरेको छ।

Sahitya Akademi Awards 2025

साहित्य अकादमीले आज चौबिस वटा भारतीय भाषाहरूमा वार्षिक साहित्य अकादमी पुरस्कार घोषणा गरेको छ। अकादमीले प्रसिद्ध लेखिका ममता कालियालाई उनको संस्मरण 'जीते जी इलाहाबाद' को लागि साहित्य अकादमी पुरस्कार २०२५ र प्रख्यात कूटनीतिज्ञ नवतेज सरनालाई उनको अंग्रेजी उपन्यास 'क्रिमसन स्प्रिंग' को लागि घोषणा गरेको छ। संस्कृति मन्त्रालयले यस वर्ष आठ कविता पुस्तक, चार उपन्यास, छ वटा लघुकथा र दुई निबन्धले साहित्य अकादमी पुरस्कार २०२५ प्राप्त गरेको जानकारी दिएको छ। मन्त्रालयले जानकारी दिए अनुसार, छनौट गरिएका सबै पुरस्कार विजेताहरूलाई एक लाख रुपैयाँ र कुँदिएको ताम्रपत्र प्रदान गरिनेछ। पुरस्कार यस महिनाको एकतिस तारिखमा नयाँ दिल्लीमा प्रदान गरिनेछ।

**प्रमुख समाचार पुनः एकपटक**

**१.** एलपीजी बोकेको भारतीय जहाज शिवालिक आज साँझ गुजरातको मुन्द्रा बन्दरगाह आइपुगेको

२. इरानस्थित भारतीय दूतावासद्वारा भारतीय नागरिकहरूलाई स्पष्ट समन्वय बिना इरानको कुनै पनि भूमि सीमामा नजान वा पार गर्ने प्रयास नगर्न कडा सल्लाह

३. भाजपा द्वारा आज पश्चिम बंगाल विधानसभा चुनावको लागि एक सय चवालिस उम्मेदवारहरूको पहिलो सूची जारी